स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'गुरुचेला'बाट अभिनय करिअर थालेका जितु नेपालको पछिल्लो फिल्म 'ज्वाइँ साब' दशैंको फूलपातीमा असोज २४ गतेदेखि प्रदर्शन हुँदैछ । निश्चित शारीरिक आकारको कलाकार मात्र नायक बन्छ भने परम्परागत सोचाइलाई चुनौती दिंदै जितुले अहिले लगातार कथानक फिल्ममा केन्द्रीय भूमिका निर्वाह गरिरहेका छन् । 'ह्यारीकी प्यारी'पछि उनी 'ज्वाइँ साब'मा लिड रोलमा छन् । मुन्द्रे नामले समेत चर्चित जितुलाई 'छक्कापञ्जा'ले पनि चर्चा दिलायो ।

**आजको विचार...**



रोशन शेरचन

के...

(दुई पेजमा)

यही बिहीबार (फूलपाती)बाट प्रदर्शनको तयारीमा रहेको 'ज्वाइँ साब' अभिनेत्री नीति शाहको अभिनयको हिसाबले दोस्रो फिल्म हो । गत बैशाख अन्तिममा आएको डेब्यु फिल्म 'खजुरे ब्रो'बाट उनलाई व्यावसायिक सफलता र अभिनयको प्रशंसा दुवै मिल्न सकेन । त्यसैले उनका लागि 'ज्वाइँ साब' सफल हुनुपर्ने दबाब मात्र छैन, आफूलाई अभिनयमा प्रमाणित गर्नुपर्ने चुनौती पनि उतिक्कै छ । निर्देशक बसन्त निरौलाले स्क्रिप्ट सुनाएको २० मिनेटमा नीति फिल्ममा काम गर्न तयार भएकी रहेछिन् ।



❐ वर्ष ३० ❐ अंक ८३ ❐ २०८१ असोज २१ गते सोमबार 7 October 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# चाडपर्वको मुखमा सवारी दुर्घटना : पाँचको मृत्यु

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज २०/दसैं र तिहारजस्ता मुख्य चाडपर्व नजिकिँदै जाँदा सडक दुर्घटनाका समाचारहरु दिनहुँ आइरहेका छन् । कच्ची सडक, क्षमताभन्दा बढी यात्रु बोक्ने, गाडी मर्मत नगरी हतारमा स्पिडमा चलाउने र मदिरा सेवन गरी गाडी चलाउदाँ सवारी दुर्घटना हुने गरेका हुन् ।

पछिल्लो एकै दिन देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, नवलपरासी पश्चिम, हुम्ला र कञ्चनपुरमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको हो । रूपन्देहीको सम्मरीमाई गाउँपालिका-१ मुडिलास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मुडिलाबाट हडबडहवातर्फ जाँदै गरेको लु.३१ प ९९४६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही गाउँपालिका-१ हडबडहवाका २० वर्षीय सैलेश यादवको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको




क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको भने सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै नवलपरासी पश्चिमको सुनवल नगरपालिका-७ ज्यामिरे चोकस्थित सडकमा माइक्रोबसले मोटरसाइकललाई ठक्कर दिदाँ एक जनाको मृत्यु भएको छ । लु.१ ख ८४५३ नम्बरको माइक्रोबसले लु.७९ प ९१४० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक रूपन्देही तिलोत्तमा नगरपालिका-६ दश नम्बर टोलका ३२ वर्षीय ऋिषि लम्तरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको भलुही मेडिकल कलेज रूपन्देहीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । माइक्रोबस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै हुम्लाको ताजाकोट गाउँपालिका-२ कर्णाली करिडोर अन्तर्गत पैमा खोलास्थित सडकमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । लु.१ ज २३४३ नम्बरको बलेरो जिप सडकबाट करिब ३ सय मिटर तल खसेर दुर्घटना हुँदा जिपमा सवार बाँके नेपालगञ्ज उपमहानगरपालिका-२० राँझाका ४९ वर्षीया बिष्णु परियार र हुम्ला चंखेली गाउँपालिका-६ पुमाका कल बहादुर बुढाको छोरा ५ वर्षीय अविषेक बुढाको घटनास्थलमै मृत्यु भएको हो । बलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै कञ्चनपुरको बेदकोट नगरपालिका-७ सुडाचोकस्थित सडकमा स्कुटर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । सु.प.प्र. ०१-००८ प ४०७७ नम्बरको स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा स्कुटरमा सवार २३ वर्षीय भुवन भट्टको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको महाकाली प्रादेशिक अस्पताल महेन्द्रनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका स्कुटर चालकको सोही अस्पताल हुँदै थप उपचारको लागि निसर्ग अस्पताल धनगढी पठाइएको छ । सबैका घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## संक्षिप्त समाचार

### आक्रमणमा २१ जनाको मृत्यु



**(रासस/एएफपी)**

**गाजा,** असोज २०/गाजाको नागरिक सुरक्षा निकायले आइतबार मध्य देइर अल-बालाहमा रहेका एक मस्जिद परिसरमा भएको इजरायली आक्रमणमा २१ जनाको मृत्यु भएको जनाएको छ ।

मस्जिदलाई पछिल्लो समय विस्थापितहरूलाई राख्ने आश्रयस्थल बनाइएको थियो । 'गाजाको मध्य क्षेत्र देइर अल-बालाहस्थित अल अक्सा शहीद अस्पतालको गेटअगाडि इजरायलले गरेको बमबारीका कारण मृत्यु हुनेको संख्या २१ पुगेको छ भने ठूलो संख्यामा घाइते भएका छन्,' एजेन्सीका प्रवक्ता महमुद बसालले भन्ने । इजरायली सेनाले एक विज्ञप्ति जारी गर्दै आक्रमणको जिम्मेवारी लिएको छ । विज्ञप्तिमा भनिएको छ, 'मस्जिदमा रहेको कमाण्ड एण्ड कन्ट्रोल सेन्टरभित्र सक्रिय हमासका आतङ्ककारीमाथि आक्रमण गरिएको हो ।'

## 'प्रेस चौतारी पत्रकारिता पुरस्कार' एनजेडीकर्मी पोखरेलसहित ८ जनालाई दिइने

**पाल्पा,** असोज २०/ प्रेस चौतारी नेपाल पाल्पा शाखाले नवजनचेतना राष्ट्रिय दैनिकका पाल्पा संवाददाता कृष्ण पोखरेलसहित ८ जना पत्रकारहरुलाई 'प्रेस चौतारी पत्रकारिता पुरस्कार'बाट पुरस्कृत गर्ने भएको छ । शाखाले आइतबार पुरस्कार घोषणा कार्यक्रम गरी पुरस्कृत हुने पत्रकारहरुको नाम सार्वजनिक गरेको हो ।

चौतारीले हरेक वर्ष पत्रकारितामा निरन्तर सक्रिय रहेका पत्रकारहरुलाई पुरस्कृत गर्दै आएको छ । पुरस्कार छनौट समितिका संयोजक एवं निवर्तमान अध्यक्ष राजेन्द्र लिगलले छनौट भएका पत्रकारहरुको नाम घोषणा गरेका हुन् । तुल बहादुर अधिकारीले स्थापना गरेको प्रतिक्षा स्मृति पत्रकारिता पुरस्कारबाट कृष्ण पोखरेल, ओम बहादुर घर्तिमगरले स्थापना गरेको भद्र बहादुर स्मृति पत्रकारिता पुरस्कारबाट नारायण न्यौपाने, राम बहादुर राउतले स्थापना गरेको तुलसा/तुल बहादुर स्मृति पत्रकारिता पुरस्कारबाट भुवन रायमाझी,द्वारिका प्रसाद नेपालले स्थापना गरेको सिता देवी स्मृति पर्यटन पत्रकारिता पुरस्कारबाट विजय वौडेल, विष्णु बहादुर कार्कीले स्थापना गरेको गिता स्मृति पत्रकारिता पुरस्कारबाट दयाराज न्यौपाने, राजेश कुमार अर्यालले स्थापना गरेको रेडियो पत्रकारिता पुरस्कारबाट गुणवती




के.सी., राजु प्रसाद श्रेष्ठले स्थापना गरेको शेष कुमारी/लोक कुमारी पत्रकारिता पुरस्कारबाट खेमराज पाण्डे र विनोद श्रेष्ठले स्थापना गरेको पुतली देवी/रुपनारायण स्मृति पत्रकारिता पुरस्कारबाट शोभाकान्त पाठक पुरस्कृत हुने भएका छन् । पुरस्कृत पत्रकारहरुलाई भव्य कार्यक्रमको आयोजना गरी केहि दिन पछी पुरस्कार वितरण गर्ने छनौट समितिका संयोजक लिगलले बताए ।

कार्यक्रममा विजय दशमी, शुभ दिपावली नेपाल संवत, छठ पर्वको शुभकामना आदानसँगै प्रेस चौतारीका सचिवालय सदस्य रिमा सोमै सामुदायिक रेडियो प्रसारक संघ अकोराप लुम्बिनी प्रदेश उपाध्यक्ष र विजय वौडेल नेपाल दलित पत्रकार संघको जिल्ला अध्यक्षमा निर्वाचित भएकोमा सम्मान समेत गरिएको थियो । कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश सहइन्चार्ज कमलराज तिमिल्सिनाले प्रेस चौतारी पाल्पाले आफ्ना सदस्यहरु सक्रिय, जुझारु बनाउदै पत्रकारिता क्षेत्रमा निरन्तर लाग्नको लागि हौसल्ला बढाउन पत्रकारहरुलाई पुरस्कृत गरेको बताए । कार्यक्रममा चौतारीका केन्द्रीय सदस्य मिलन विश्वकर्माले यस्तो सम्मान कार्यक्रमले काम गर्न हौसल्ला बढ्ने, जोस् जागर आउने, आत्मबल बलियो हुने भएकाले चौतारी पाल्पाले वार्षिक रुपमा पुरस्कृत कार्यक्रमले पत्रकारिता क्षेत्रमा नयाँ पुस्ताको आगमनलाई सहयोग पुगेको बताए । पत्रकार महासंघका अध्यक्ष रेखीराम रानाले अझै पनि खोज र अनुसन्धानमुलक पत्रकारिताको महत्व बढी नै रहेकाले खोजी समाचारमा सक्रिय हुन पत्रकारहरुलाई आग्रह गरे । काम गर्नेले नै आफ्नो पेशालाई सम्मानित बनाउनु पर्नेमा अध्यक्ष रानाले जोड दिए । कार्यक्रममा प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले खोजी पत्रकारिता हराउँदै गएको, पत्रकारितामा आचारसंहिता पालना नभएको बताए । कार्यक्रममा चौतारीका अध्यक्ष कृष्ण कार्कीले नयाँ पुस्तालाई हौसल्ला बढाउन, पुरानापुस्तालाई सम्मान गरी टिकाई राख्न, संस्थामा आवद्ध पत्रकारहरुको हौसल्ला बढाउन, गरिरहेको पेशाप्रति गर्व महशुस गराउन चौतारीले नियमित रुपमा विभिन्न दाताहरुको सहयोगमा पुरस्कार प्रदान गर्दै आएको बताए ।

चाडपर्वले सबैलाई खुसी बनाउने अध्यक्ष कार्कीले बताए । कार्यक्रममा चौतारीका केन्द्रीय अनुगमन विभागका सदस्य नवराज ज्ञवाली, पाल्पाका संस्थापक अध्यक्ष केशवराज नेपाल, प्रदेश सदस्य कृष्ण पोखरेल, प्रेस युनियन पाल्पाका निवर्तमान अध्यक्ष भरत शर्मा, प्रेस सेन्टर पाल्पाका अध्यक्ष कृष्ण दर्नाल, संचारिका समुह पाल्पाकी सचिव रुपा थापा लगायतले पुरस्कृत पत्रकारलाई बधाई दिदै आउदै गरेको चाडपर्वले सबैलाई खुसी प्रदान गरोस् भनि शुभकामना व्यक्त गरेका थिए । चौतारीका जिल्ला अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, सचिव नारायण न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## हिले सहकारीको १७ औं साधारण सभा



**गुल्मी,** असोज २०/जिल्लाको कालीगण्डकी गाउँपालिका -१ हर्मीचौरमा रहेको हिले बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १७ औं वार्षिक साधरण सभा मनाएको छ । सहकारीले एक समारोहका बिच सभा मनाएको हो ।

सभाको कालीगण्डकी गाउँपालिका अध्यक्ष वेदबहादुर थापा मगरले उद्धाटन गरेका हुन् । सभाको उद्धाटन गर्दै प्रमुख अतिथि समेत रहेका थापाले आर्थिक समृद्धिका लागि सहकारी महत्वपूर्ण रहेको बताए । उनले मुलुकको ठूलो आर्थिक हिंसा सहकारीले ओगटेको उल्लेख गरे । अध्यक्ष थापाले गाउँपालिकाले सञ्चालन गरेका 'सक्नेले नसक्नेलाई रोजगारी दिऔं' भन्ने कार्यक्रम प्रभावरी भएको भन्दै हिले सहकारीले पनि शेयर सदस्यलाई उत्पादनसँग जोड्ने कार्यक्रमको सुरूवात गर्न सके स्वरोजगारी बनाउन सकिने बताए । विशिष्ट अतिथि जिल्ला बचत तथा ऋण सहकारी संघ पाल्पाका अध्यक्ष एवं सहकारी अभियान्ता जगदीश भट्टराईले हिले सहकारी जनमुखी बन्दै गएको बताए । उनले लोकतन्त्रमा सबै शेयर सदस्यको साझा हैसियत बन्ने सबै भन्दा प्रभावकारी र शक्तिशाली बित्तिय निकाय सहकारी भएको धारणा व्यक्त गरे । -बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## पर्यटनमा उत्साह

असोज महिना लागेसँगै पर्यटकहरुको आगमन बढेको छ । नेपालीहरुको महान पर्व दसैं, तिहार जस्ता पर्वहरु घर आगनमा आइरहेको बेला बाह्य पर्यटकहरुको आगमनले पर्यटकीय क्षेत्रहरुमा चहलपहल बढेर गएको छ । कोराना महामारीको असर कम भएर निर्धक्क भएर घुम्ने वातावरण बनेसँगै बाह्य पर्यटकको आगमन बढ्दै गएको हो । घुम्न नेपाल आउने विदेशी पर्यटकको संख्याले नेपाली पर्यटन बजारमा उत्साह बढाउँदै गएको छ । पछिल्लो समय हवाई मार्ग र स्थलमार्ग भएर नेपाल भित्रिने पर्यटकको संख्या बढ्दै गएपछि पर्यटन व्यवसायीसमेत हौसिएका छन् । केही दिन यता पाल्पाका पर्यटकीय स्थलहरुमा विदेशी पर्यटकहरुको चहलपहल बढ्दो देखिएको छ । यसले थोरै भए पनि जिल्लाका व्यवसायीहरुलाई उत्साह जगाएको छ ।

सेप्टेम्बरदेखि नोभेम्बर मध्यसम्मको समयलाई विदेशी पर्यटक आउने सिजन मानिन्छ । त्यसबाहेक अर्को सिजन फेब्रुअरीदेखि अप्रिलसम्म मानिन्छ । त्यसैले पनि त्यो बिचमा पर्यटकहरुको आगमन बढेको पाइन्छ । यसलाई सकारात्मक मान्नुपर्छ । तर आएका पर्यटकहरुको बसाईलाई लम्ब्याउने दिशामा सम्बन्धित निकायको ध्यान जान सकेको छैन् । यो भने अत्यन्त दुखको कुरा हो ।

पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटकीय पूर्वाधारको विकास निकै महत्वपूर्ण छ । नेपालले धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गरी थप आकर्षक गन्तव्यको विकास गर्नुपर्छ । पर्यटकलाई सांस्कृतिक सम्पदासँग जोड्ने आकर्षक कार्यक्रम बनाउनुपर्छ । यसका साथै, स्थानीय उत्पादनलाई पर्यटकीय उपजका रुपमा प्रवर्द्धन गरी अग्र र पृष्ठ सम्बन्ध विकासमा जोड दिनुपर्छ । नेपालमा ग्रामीण पर्यटनको समेत निकै सम्भावना छ । यसका लागि पर्यटनबाट भएको आम्दानी यथोचित सुव्यवस्था, बाँडफाँट तथा वितरण गर्न सरकारले नीति तथा कार्यक्रम बनाउनुपर्छ । यसका साथै, पर्यटन उद्योगमा पिछडिएका समुदाय, महिला, दलित तथा आदिवासी, जो प्रकृतिसँग प्रत्यक्ष जोडिएका छन्, तिनीहरूको संलग्नतालाई प्रोत्साहन गर्नुपर्छ । यसका लागि क्षमता विकासका कार्यक्रम ल्याइनुपर्छ । यसरी पर्यटनका माध्यमबाट काम वा रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्न मद्दत पुग्छ । यसर्थ पर्यटकहरुको आगमन बढेर पर्यटनमा उत्साह थपे पनि पूर्वाधार निर्माणमा ध्यान दिइएन भने यसको कुनै अर्थ रहँदैन । त्यसैले पर्यटनको आगमनको अवसरलाई सदुपयोग गर्न जरुरी छ ।

### Opinion @ Social Network

मित्र पनि गजबको छ, गुनको बदला खुन माग्छ
खुन दिएर म रित्तिएँ भने उसको गुनको के अर्थ ?
(*इशा न्यौपाने फेसबुक स्टाटस https://www.facebook.com/Isha .Nyaupane*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के पृथ्वी मान्छेको मात्रै हो ? वन्यजन्तुको होइन !



**रोशन शेरचन**

हामी मानिसहरू आफ्ना दु:ख-पीडाहरू आफन्त र इष्टमित्रलाई सुनाउँछौं, दु:खबाट त्राण पाउने उपाय निस्किहाल्छ कि भन्ने आशामा ।

भाषाको सहारा लिन्छौं, जो मान्छेको सबभन्दा भरपर्दो माध्यम हो । मानिसलाई आफ्नो व्यथा अन्यमाझ पुऱ्याउन अहिले प्रविधिको नपत्याउने साथ-सहयोग छ । सामाजिक सञ्जाल मार्फत हामी आफ्ना समस्या विश्वको कुनै पनि कुनामा भएका आफन्तलाई बताउन सक्छौं । तर, वन्यजन्तुसँग त्यस्तो सम्भावना र सुविधा छैन । ऊ पूरापूर प्राकृतिक छ, पशुवृत्तिमै बाँचेको छ । समृद्ध भाषा छैन, शायद भाषा नै पनि नहोला । संकेत छ तर त्यो आममान्छेको निम्ति गूढ नै छ । केही प्राणीशास्त्री बाहेक अरूले त्यसको अर्थ बुझ्न सक्दैनन् । मान्छे आफ्ना सपना, महत्वाकांक्षा र सुख-सुविधाका निम्ति यति भागदौडमा छ कि वन्यजन्तुको दु:ख बुझ्नेतिर चासो छैन, बराबर छ । जोड्न खोजेको सन्दर्भ भर्खरको हो- अगस्ट, सेप्टेम्बर महिनाको । केही संचारकर्मी मित्रहरूसँग मानिस र जैविक विविधता, त्यसमा पनि वन्यजन्तुको अन्तरसम्बन्धबारे अन्तरक्रिया गर्न पश्चिम तराईको यात्रामा थियौं । बुटवल, कोहलपुर र धनगढीमा एकदिने गोष्ठी राखिएको थियो । अनुभवी स्रोतव्यक्तिहरूसँग मैले पनि एक सेसन सहजीकरण गर्ने अवसर पाएको थिएँ । नेपालमा इकोसिस्टम, जैविक विविधताको अवस्था कस्तो छ ? इकोसिस्टम र जैविक विविधताको सामुन्ने के-कस्ता जोखिमहरू छन् ? रेखीय पूर्वाधारले (सडक, सिंचाइ नहर, विद्युत् प्रसारण लाइन, रेलमार्ग) जैविक विविधतामा पार्न सक्ने नकारात्मक प्रभावहरू केके हुन् ? यी असरहरूलाई कम गर्ने सम्भाव्य उपाय के हुन सक्छ ? साथै देशीय र विदेशमा अपनाइएका केही प्रभावकारी उपायहरू आदि बारे जानकारी दिएको थिएँ । सहभागीमध्ये स्थानीय सरकारका जनप्रतिनिधिहरूको बाहुल्य थियो । साथै थिए, प्रदेश वन निर्देशक, पूर्वाधार कार्यालयका इन्जिनियर, वन कार्यालयका प्रमुख, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका प्रतिनिधि र सञ्चारकर्मी । गोष्ठीको अन्तिम कार्यक्रम धनगढीमा भएको थियो । तीन जना स्रोतव्यक्तिहरूले आफ्ना प्रस्तुति सिध्याएपछि छलफल सेसन सुरु भयो । सहभागीहरूले पालैपालो आफ्ना राय र धारणा राख्दै थिए । म नोट टिप्न व्यस्त थिएँ । यसैक्रममा एउटा नगरपालिकाको मेयरले भनिन्- 'वन्यजन्तुले मान्छे मारिरहेछ, घाइते बनाइरहेछ । किन चाहियो वन्यजन्तुमैत्री पूर्वाधार ? मान्छे ठूलो कि जनावर ?' हामी अवाक् भयौं । प्रथम, हामी कसैले मानिसभन्दा वन्यजन्तु महत्वपूर्ण भनेका थिएनौं । हाम्रो उद्देश्य प्रस्ट थियो- वन्यजन्तु र मानिस बीच हुनसक्ने सहअस्तित्वबारे छलफल चलाउने र वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिकाबारे सहभागीहरूलाई जानकारी गराउने । मेयरले मज्जाले कुरा घुमाइन् । नभनेको कुरालाई स्पष्टीकरण दिने कुरा पनि भएन । हामी मौन बस्यौं । मेयर प्रतिनिधि पात्र थिइन् । तर, त्यो घटनाले एउटा जनप्रतिनिधिको जैविक विविधतालाई हेर्ने दृष्टिकोण छर्लङ्ग देखाइदिएको थियो । मेरो मनमा प्रश्न उठ्यो । मेयरले त हामीले राखेका विषयलाई स्वागत पो गर्नुपर्थ्यो । हामीले कुरा स्पष्ट राख्न सकेनौं वा उहाँले बुझ्न चाहनुभएन, अनभिज्ञ छु । वन्यजन्तु र मान्छेबीच द्वन्द्व हुनाका अनेकौं कारण छन् । एउटा कारण चाहिं योजना विना गरिने सडक निर्माण हो । वातावरणीय अध्ययन विना निर्माण गरिने स्थानीय वा ग्रामीण सडकले वन वा वासस्थान नष्ट वा खण्डीकरण गरिदिंदा वन्यजन्तु अल्मलिई बस्तीतिर छिर्ने सम्भावना बढेको वैज्ञानिक अध्ययनले देखाएको छ । वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिकाले रेखीय पूर्वाधार निर्माण गर्दा संरचनाहरू वन्यजन्तुमैत्री बनाउन किन आवश्यक छ ? प्राविधिक टोलीले अध्ययन गरेर स्वीकृति दिएपछि मात्र विस्तृत सर्भेक्षण गर्नुपर्ने लगायत वन्यजन्तुमैत्री संरचनाको मापदण्ड पनि अनुसूचीमा दिएको छ । वन्यजन्तुसँग वाहन ठोक्किएर दर्जनौं दुर्घटना भएको जगजाहेरै छ । वन्यजन्तु मात्र होइन सवारी चालक र यात्रुको पनि मृत्यु वा घाइते भएको कसैबाट छिपेको छैन । यस्तोमा वन्यजन्तुमैत्री पूर्वाधारले वन्यजन्तुलाई मात्र होइन मान्छेको जीवन पनि सुरक्षित बनाउँछ भनेर बुझ्न कठिन छैन । श्यामश्वेतमा हेर्ने अर्थात् यो कि त्यो ? जस्ता ध्रुवीकृत दृष्टिकोणले समाधानको उपाय दिन सक्दैन । म खिन्नै बनें । जनप्रतिनिधिहरूले मतदाताको पक्षमा नै वकालत गर्ने हो तर वन्यजन्तुमैत्री संरचना पनि स्थानीय जनताको पक्षमा छ भनेर बुझ्न आवश्यक छ । बरु पूर्वाधार विकासको नाममा डोजर चलाउने र वातावरणीय सुरक्षालाई प्राथमिकतामा नराख्ने अभ्यास दीर्घकालको निम्ति हानिकारक छ । वन्यजन्तुको प्राकृतिक वासस्थान शहरीकरण, राष्ट्रको समृद्धि र भौतिक विकासको नाममा टुक्र्याइराखेका छौं । वन्यजन्तु आफ्नो घर भत्किएकोमा मानिस कहाँ निवेदन हाल्न आउँदैनन् । निर्दोष प्राणी न परे, आफ्ना समस्याहरू बताउन सक्दैनन् । के त्यसैले हामीले उनीहरूको समस्या अनदेखा गर्नु बुद्धिमानी हो ? प्राणी र प्रकृतिको सुरक्षा मानिसकै सामाजिक दायित्वभित्र पर्दैन र ? वन्यजन्तुको अवस्थाप्रति किन संवेदनशील नबन्ने ? करुणा सुन्दरतम् भाव होइन र ? मान्छे ठूलो कि वन्यजन्तु भन्ने प्रश्नले बहसलाई फलदायी दिशातिर लैजाँदैन । वातावरण विज्ञानको दृष्टिमा मान्छे ठूलो कि वन्यजन्तु भन्ने प्रश्नमा, जुन जवाफ छाने पनि गलत हुन्छ । मान्छे र वन्यजन्तु समान रूपमा इकोसिस्टमको इकाई भएकोले के बराबर हुन सक्दैनन् ? मान्छे र प्राणी परोक्ष रूपमा परस्परमा निर्भर हुन्छन् । मान्छे र प्राणी मात्र होइन, वन, वनस्पति, घाँसेमैदान, सिमसार, ढुंगा, माटो, वासस्थान र समग्रमा ल्याण्डस्केप निरन्तर एकआपसमा प्रतिक्रियामा रही खास इकोसिस्टम बन्छ, जहाँ सबै एकआपसमा सूक्ष्म ढंगले जोडिएका हुन्छन् । त्यो खाद्य सञ्जाल भत्किए, सबैको अस्तित्व संकटमा पर्छ । कसैले वन्यजन्तु र उनीहरूको वासस्थानको संरक्षणको पक्षमा बोल्दा परोक्षमा मान्छेकै हितको निम्ति बोलेको हुन्छ । हामीले मात्र हेर्न पाएर पुग्दैन, हाम्रा सन्ततिहरूले यी वन्यजन्तुहरू हेर्न पाउनुपर्छ । अनि पो सहअस्तित्व ।

**कहाँ कहाँ देखिए संकट ?**

नेपालको झण्डै २४ प्रतिशत भूभाग संरक्षित क्षेत्रले ओगटेको छ । संरक्षित क्षेत्र जैविक विविधताको दृष्टिले समृद्ध (बायोडाईभर्सिटी हटस्पट) मानिन्छ । त्यहाँ थरी-थरीका इकोसिस्टमहरू पाइन्छ- वन इकोसिस्टम, घाँसेमैदान इकोसिस्टम, सिमसार इकोसिस्टम आदि । त्यति मात्र होइन, वन्यजन्तुहरू एक संरक्षित क्षेत्रबाट अर्को संरक्षित क्षेत्र जान प्रयोग भएका केही जैविक मार्गहरूको पहिचान भई पुनर्स्थापना पनि भइरहेको छ । बरण्डाभार, लमही, काम्दी, खाता, लालझाडी-मोहना, बसन्ता आदि यसका उदाहरण छन् । आहारा, पानी र प्रजनन्को खोजीमा वन्यजन्तुहरू एक स्थानबाट अर्को स्थानमा विचरण गर्दछन् । तर वन्यवन्तुमैत्री पूर्वाधारको अभावमा सडक दुर्घटनाहरू बढिरहेको छ ।

-वन्यजन्तुले बाटो काट्दा वाहनसँग ठोक्किएर भएको मृत्यु, जसमा १४१ वन्यजन्तुको प्राण गएको थियो । यो पश्चिम तराईको पनि बाँके राष्ट्रिय निकुञ्ज वरपरको तथ्याङ्क । देशभरिको तथ्याङ्क हेर्ने हो भने, यसरी मृत्यु हुने प्राणीको संख्या धेरै गुणाले बढ्नेछ । प्राणीहरूको यस्तो फदयविदारक अवस्थाबारे सञ्चारकर्मीले किन नलेख्ने ? २३ जुलाई, २०२२ मा चितवनमा निर्माणाधीन सडकछेउको खाल्डोमा मृत गैंडा भेटियो । खाल्डो खुलै छोडिएको रहेछ । सो सडकखण्ड बरण्डाभार जैविक मार्गमा परेकोले खाल्डो खुलै राख्नु जोखिमपूणर् थियो । निर्माण व्यवसायी वा प्रस्तावकको लापरबाहीले एउटा अबोध प्राणीले अनाहकमा जीवन गुमाउनुपऱ्यो ।

-बाहिर निस्किन नसक्ने देखेपछि उसले आफ्नो बच्चा केटो सम्झियो र सम्झियो परिवारजन । भोक र प्यासले उत्तिकै सताउँदै लगेको थियो । छाला दर्फरिएर रगत बगिरहेको थियो । घाउ चहऱ्याइरहेको थियो । गैंडा शिथिल हुँदै गयो । पशुवृत्तिबाट आफ्नो अन्त्य नजिकै आएको थाहा पाएर अन्तिम पटक आफ्नो केटो र परिवार सम्झेर ठूलो स्वरमा चिच्याएर आँखा चिम्लियो । के प्राणीको फदयविदारक अवस्थामा दु:खी हुनु मूर्खता हो ? के वरपरका ट्रेजेडीहरूमा संवेदित बन्नु कमेडी हो ?

- पछिल्लो समय अर्को चुनौती थपिएको छ- तराईमा गाउँ वा नगरपालिकाले माछा पालनको निम्ति निर्माण गरेका पोखरीहरू । पोखरी वरपर छेकबार नहुँदा वा पोखरी किनारको भिरालोपन नमिल्दा त्यहाँ पनि वन्यजन्तु डुबेर मर्ने सम्भावना बढेको छ ।

**जोखिम न्यूनीकरणका प्रयास**

यद्यपि यस दिशातर्फ न्यूनीकरणका प्रयास नभएको होइन । उदाहरण, सिक्टा सिंचाइ परियोजनाको मुख्य नहरमाथि निर्माण गरिएको क्रसिंग । त्यो क्रसिंग स्थानीय बासिन्दाहरूले प्रयोग गर्छन्, वन्यजन्तुहरूले पनि । त्यस्तै सिक्टा सिंचाइ नहर र महाकाली सिंचाइ आयोजनाको वन्यजन्तुमैत्री ऱ्याम्प । यस्ता उपयुक्त डिजाइनले मान्छेको विकासको आवश्यकतालाई पूरा गर्छन् साथै वन्यजन्तुको आवतजावतलाई पनि सहज बनाउँछन् । सन् २०१८ मा नेपालमा पहिलो वन्यजन्तुमैत्री अन्डरपास बन्यो । सडक विभागले नारायणगढ मुग्लिङ खण्डको बरण्डाभार करिडोरमा चार वटा अन्डरपास निर्माण गऱ्यो । बरण्डाभार करिडोर वन क्षेत्र १०७ वर्ग किमीमा फैलिएको छ । र, यसको करिब चार किमी लम्बाइ पूर्व-पश्चिम राजमार्गले काट्दछ । त्यो जैविक मार्ग चितवनमा अवस्थित एक मात्र जंगलपेटी (फरेष्ट स्ट्रिप) हो, जसले चितवन राष्ट्रिय निकुञ्जलाई उत्तरको महाभारत शृंखला हुँदै अन्नपूणर् संरक्षण क्षेत्रसँग जोड्छ । यसको अर्थ, वन्यजन्तु यसै मार्ग भएर महाभारत शृंखला आउजाउ गर्छन् । सीसीटिभी राखी अध्ययन गर्दा १५ थरीका स्तनधारी जनावरले ती अन्डरपासहरू प्रयोग गरेको देखियो जसमा जंगली बँदेल, चितुवा र जंगली बिरालो प्रमुख थिए । छिमेकी भारतले पेन्च बाघ अभ्यारण्यमा राष्ट्रिय राजमार्ग ४४ मा १६.१ किमी लम्बाइको राजमार्ग उठाएर एलिभेटेड ब्रिज बनाएको छ, जसले गर्दा सडक मुन्तिरबाट वन्यजन्तुहरू निर्धक्क ओहोरदोहोर गर्न पाउँछन् । अध्ययनले बाघ, नीलगाई, जंगली बिरालो, हरिण, गौर, जंगली बँदेल, खरायो आदि जनावरले अन्डरपास प्रयोग गरेको देखाएको छ । त्यति नै लामो नभए पनि नेपालले वन्यजन्तुको विचरणको दृष्टिले रणनैतिक महत्वको जैविक मार्गहरूमा एक, दुई किमीको त्यस्ता पूर्वाधार बनाउन आवश्यक भइसकेको छ । प्राकृतिक थुम्काहरूमा बेतुकका भ्यूटावर, हरेक वर्षामा बजेट थप्नुपर्ने डोजर चालकले निर्माण गरेका सडकहरूको सट्टामा यस्ता संरचना प्राथमिकतामा पर्नुपर्ने हैन र ? मान्छेलाई मात्र ध्यानमा राखी निर्माण गरिएको विकासलाई कसरी दिगो विकास भन्ने ? पूर्व-पश्चिम राजमार्गको स्तरोन्नतिको निम्ति नेपाल सरकारले वैदेशिक अनुदान लिएको छ । चार लेनको पक्की सडक, सर्भिस लेन र मापदण्ड सहितको स्तरोन्नति भएपछि सवारी साधन थप गतिमा गुड्नेछ । सडक दुर्घटनाको बढ्दो जोखिम कम गर्न वन्यजन्तुमैत्री संरचनाहरू अपरिहार्य भइसक्यो । सवारी चालकहरूलाई पनि जैविक मार्गहरू कहाँ-कहाँ पर्छन् भन्ने र वन्यजन्तुको आनीबानी बारे सचेतना दिन जरूरी छ । रेखीय पूर्वाधार परियोजनाको कुल बजेटको एक-दुई प्रतिशत, वन्यजन्तुमैत्री संरचनामा खर्चनुपर्ने बाध्यकारी नीति नबनाउँदासम्म दिगो समाधानको बाटो देखिँदैन भलै कमजोर कार्यान्वयन हामी नेपालीको सदावहार पहिचान बनिसकेको छ । यो मानवकेन्द्रित पृथ्वीमा प्राणीहरूका बारेमा मान्छेले नसोचे कसले सोच्ने ? ***-अनलाइन खबर डटकम***

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ । | **तुला** : मिष्ठान्न भोजनको अवसर प्राप्त हुनेछ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **वृष** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला । अल्छीपना पनि बढ्नेछ । | **वृश्चिक** : अधुरा कामहरू पुरा हुनेछन् । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । |
| **मिथुन** : समाज सेवामा मन लाग्नेछ । साङ्गीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ । | **धनु** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **कर्कट** : अरूको भर नपरी सही निर्णय लिनसके सफलता र अवसर प्राप्त होला । | **मकर** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ । |
| **सिंह** : आफन्त र मित्रवर्गको सहयोग पाइने नै छ । टाढाको यात्राको सम्भावना समेत छ । | **कुम्भ** : आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : तनाव बढेको महशुस हुनेछ । खानपिनमा सजग रहन बढी जरूरी छ । | **मीन** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । |

# शिक्षा

## शिक्षकको तलब भत्ता मासिक रूपमा दिने व्यवस्था मिलाउन निर्देशन




शिक्षा तथा मानवस्रोत विकास केन्द्रले शिक्षकको तलब भत्ता मासिक रूपमा दिने व्यवस्था मिलाउन ७ सय ५३ वटै पालिकालाई निर्देशन दिएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधिमा शिक्षकलाई मासिक रूपमा तलब भत्ता भुक्तानी हुने व्यवस्था मिलाइने उल्लेख छ ।

विद्यालयले त्रैमासिकको पहिलो महिनामा तीन महिनाका लागि नियमानुसार आवश्यक तलब भत्ता पालिकामा माग गर्ने र त्यसका आधारमा पालिकाले विद्यालयलाई निकासा दिई विद्यालयले शिक्षकलाई नियमानुसार मासिक रूपमा तलब भत्ता भुक्तानी गर्नुपर्ने कार्यविधिमा भनिएको छ ।

शिक्षक र कर्मचारीको तलब भत्ता बैंकमार्फत् भुक्तानी हुनुपर्छ । तर कार्यविधि अनुसार शिक्षकले मासिक रूपमा तलब पाउन नसकेको गुनासो आएपछि केन्द्रले हालै लिखित रूपमै निर्देशन दिएको हो । कतिपय शिक्षक र कर्मचारीले मुख्य पर्व दशैं आइसक्दा पनि तलब भत्ता पाउन नसकेको गुनासोसमेत गरेका छन् ।

*-उज्यालो खबर डटकम*

हार्दिक मंगलमय शुभकामना
नेपालीहरूको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८१ को शुभ अवसरमा
शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण
महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सन्तवीर बराल — प्र.अ.
पुस्कर राज रेग्मी — वि.व्य.स. अध्यक्ष
पद्म पब्लिक नमूना माध्यमिक विद्यालय परिवार
तानसेन, पाल्पा

## पहिरोले क्षति पुऱ्याएका विद्यालयमा कसरी पठनपाठन हुन्छ ?



असोज ११ गते परेको भारी वर्षाका कारण देशभरका लगभग १६५ विद्यालयमा क्षति पुग्यो । भारी वर्षापछि आएको बाढी-पहिरो तथा डुबानका कारण धेरै विद्यालयका भवन भत्किएका छन् । केहीमा आंशिक क्षति पुगेको छ । कतिपयमा विद्यालयसम्म जाने बाटो बगाउँदा आवतजावत गर्न सकिने अवस्था छैन ।

बाढी-पहिरो तथा डुबानका कारण करिब २ लाख ५० हजारको हाराहारीमा विद्यार्थी प्रभावित भएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले क्षतिको यकिन विवरण सङ्कलन गरिरहेको छ । आजसम्म प्राप्त तथ्याङ्क हेर्दा १६५ विद्यालयमा क्षति पुगेको छ । त्यस्तै मधेस प्रदेशका ४२ विद्यालय डुबानमा परेका छन् । जसबाट करिब ११ हजार विद्यार्थी प्रभावित बनेको शिक्षा मन्त्रालयले जनाएको छ । बाढी-पहिरोमा परेर देशभरबाट २० जना विद्यार्थीले ज्यान गुमाएको मन्त्रालयको विवरणमा उल्लेख छ । मन्त्रालयले क्षति विवरण सङ्कलन गर्ने क्रम जारी रहेको जनाएको छ । जसले गर्दा यो संख्या अझ बढ्ने अनुमान छ । बाढी पहिरोपछि सरकारले तीन दिन विद्यालय बन्द गर्न स्थानीय तहहरूलाई अपिल गरेको थियो । सरकारको अपिल स्वीकार गर्दै अधिकांश विद्यालय बन्द भएका थिए । तर, यतिबेला दसैंको बिदा भइसकेको छ । विद्यालयमा दसैं बिदा हुँदा यतिबेला पठनपाठन बन्द छ । दसैं-तिहार बिदा सकिएसँगै विद्यार्थीको पठनपाठन सुरू हुन्छ । त्यतिबेलासम्म भत्किएका विद्यालयको पुनर्निर्माण हुन्छ कि हुँदैन भन्ने चिन्ता छ । शिक्षा मन्त्रालयका प्रवक्ता लक्ष्मीप्रसाद भट्टराई क्षतिको यकिन विवरण सङ्कलन जारी रहेको र त्यो सकिएपछि पुनर्निर्माणबारे निर्णय गरिने बताउँछन् । 'पूरै विवरण सङ्कलन गर्ने क्रम जारी छ । प्रत्येक दिनको अपडेट निकालिरहेका छौं । सबै विवरण आएपछि विश्लेषण गर्छौं,' प्रवक्ता भट्टराईले भने, 'स्थानीय तहले सक्ने काम उसैले गरिहाल्छ । त्यो बाहेक ठुलो क्षतिका लागि हामीले प्रत्येक प्रदेशमा २ करोडका दरले बजेट पठाएका छौं ।' उक्त बजेटले समेत सम्बोधन हुन नसक्ने काम विपद् व्यवस्थापन कोषबाट अगाडि बढाइने भट्टराईको भनाइ छ । दसैं-तिहार बिदापछि विद्यालय खुल्ने बेलासम्म पठनपाठन हुनेगरी काम गरिने उनले बताए । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विपद् व्यवस्थापन अन्तर्गत सातै प्रदेशमा २२ करोडका दरले अनुदान भनेर बजेट छुट्ट्याएको हो । विद्यार्थीको सिकाइ निरन्तरताका लागि रियल प्लान कार्यान्वयन अन्तर्गत उक्त बजेटको व्यवस्था गरिएको हो । त्यसका साथै ७५३ वटै पालिकामा ४ देखि १० लाख रूपैयाँसम्म बजेट व्यवस्था गरिएको छ । तत्काल परेको क्षतिलाई सम्बोधन गर्न नसक्ने अवस्था नभएको खण्मा केन्द्रले थप बजेटको व्यवस्था गर्ने केन्द्रका निर्देशक अर्जुन ढकालले बताए ।

कुनै पनि बहानामा बालबालिकाको शिक्षा अवरुद्ध हुनु हुँदैन भन्ने बाल अधिकार महासन्धिको मान्यता अनुसार सरकारले पठनपाठन अवरुद्ध नहुनेगरी तयारी गरेको हो । राइट अफ एजुकेशनलाई कार्यान्वयन गर्न विश्वभर यो मान्यता अघि सारिएको छ । सोही आधारमा नेपालमा पनि विपद्मा शिक्षा ( इमर्जेन्सी इन एजुकेशन) का क्षेत्रमा काम हुँदै आएको छ । त्यसका लागि एजुकेशन क्लस्टर (शिक्षा समूह) निर्माण गरेर युनिसेफ र सेफ द चिल्ड्रेनले सहयोग गर्दै आएका छन् ।

**प्रदेशका मन्त्रीहरूसँग शिक्षामन्त्रीको छलफल**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले सातै प्रदेशका शिक्षा हेर्ने सामाजिक विकासमन्त्रीहरूसँग छलफल गर्ने भएकी छन् । बाढी-पहिरोका कारण विद्यालय क्षेत्रमा पुऱ्याएको क्षतिबारे मन्त्री भट्टराईले सातै प्रदेशका मन्त्रीहरूसँग छलफल गर्न लागेकी हुन् । असोज २२ गते सामाजिक विकासमन्त्रीहरूसँग छलफल गर्न लागिएको प्रवक्ता भट्टराईले बताए । प्रदेशका मन्त्रीहरूसँग छलफल गरेपछि पुनर्निर्माणको काम कसरी अगाडि बढाउने भन्ने विषयमा मन्त्रालयले निर्णय लिने मन्त्रालयका प्रवक्ता भट्टराईले बताए । मन्त्री भट्टराईले प्रदेशमन्त्रीहरूसँग अन्य सरोकारवाला निकायसँग समेत छलफल गर्न लागेकी हुन् । शिक्षा क्षेत्र सरोकार राख्ने निकायहरूसँग क्षतिबारे जानकारी लिनुका साथै अब कसरी अगाडि बढ्ने भन्ने विषयमा उनले छलफल थालेकी हुन् ।

**१६५ भन्दा बढी विद्यालयमा क्षति**

बाढीले काभ्रेको रोशी गाउँपालिकास्थित देवीश्वरी मावि किर्दासमा पूरै विद्यालय बगाएको छ । वर्षाका धेरै क्षति पुऱ्याएको रोशी गाउँपालिकाका अन्य विद्यालयमा समेत क्षति भएको छ । विद्या विकास प्राविको ५ कक्षाकोठासहित विद्यालय परिसर नै पहिरोले पुरिएको शिक्षा मन्त्रालयले जनाएको छ । बाढी तथा पहिरोका कारण मधेसका सप्तरी, सिराहा, सर्लाही, पर्सामा १० हजारभन्दा बढी विद्यार्थी प्रभावित बनेका छन् । कोशी प्रदेशका पाँचथर, संखुवासभा, तेह्रथुम, मोरङ, खोटाङ लगायतका जिल्लाका विद्यालयमा क्षति पुगेको मन्त्रालयले जनाएको छ । त्यस्तै बागमती प्रदेशका सिन्धुली, रसुवा, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट, चितवनका विद्यालयहरूमा क्षति पुऱ्याएको छ । गण्डकी प्रदेशका नवलपरासी पश्चिम, तनहुँ, कास्की, म्याग्दी, बाग्लुङ लगायतका जिल्लामा क्षति पुऱ्याएको छ । लुम्बिनी प्रदेशका गुल्मी, रूपन्देही, दाङ, नवलपरासी पश्चिम, कर्णाली प्रदेशका हुम्ला, जाजरकोट, सुर्खेतका विद्यालयहरूमा क्षति पुऱ्याएको छ । सुदूरपश्चिमका अछाम र बझाङमा सामान्य क्षति पुऱ्याएको मन्त्रालयले जनाएको छ । सिन्धुलीको सुनकोशी गाउँपालिकाको रोशी र कोशी नदीको बाढीमा कुशेश्वर मन्दिरको महादेव गुरूकुलका शिक्षक र विद्यार्थी गरी ३३ जनालाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको थियो ।

**२० जना विद्यार्थीको मृत्यु**

बाढी-पहिरोमा परेर हालसम्म २० जना विद्यार्थीको मृत्यु भएको मन्त्रालयले जनाएको छ । दोलखामा एक विद्यार्थीको निधन भएको थियो । दोलखाको भीमेश्वर नगरपालिकास्थित अल्पाइन स्कूलका एक विद्याथी आफ्नो घर भत्किँदा पुरिएर मृत्यु भएको हो । ललितपुरको कोन्ज्योसोम गाउँपालिकास्थित गोडभन्ज्याङ माविमा अध्ययनरत २ जना विद्यार्थीको पनि बाढी-पहिरोका कारण मृत्यु भएको छ । काभ्रेपलाञ्चोकमा ९ जना विद्यार्थीको मृत्यु भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार तेमाल गाउँपालिकास्थित कुशेश्वर माविमा अध्ययनरत १ जना विद्यार्थी र उनका परिवारका सबै सदस्यको पहिरोमा परेर मृत्यु भएको छ । सर्वोद्धार माविका २ जना विद्यार्थीको समेत पहिरोमा परी परिवारसहित निधन भएको छ । पनौती नगरपालिकास्थित श्रीराम माविमा कक्षा १२ मा अध्ययनरत एक विद्यार्थीको पहिरोमा पुरिएको निधन भएको छ । त्यस्तै सामुदायिक बोर्डिङ स्कूलमा कक्षा १० मा अध्ययनरत एक विद्यार्थीको घर भत्किँदा पुरिएर निधन भएको थियो । काभ्रे इबो स्कुलमा कक्षा १२ मा अध्ययनरत एक विद्यार्थीको समेत पहिरोमा परी निधन भएको मन्त्रालयले जनाएको छ ।

बनेपा नगरपालिकास्थित आशापुरेश्वर आधारभूत विद्यालयका एक विद्यार्थीको पहिरोमा पुरिएर निधन भएको छ । काभ्रेकै रोशी गाउँपालिकास्थित ज्वालादेवी प्राविका २ जना विद्यार्थीको परिवारसहित निधन भएको छ । मकवानपुरमा ६ जना विद्यार्थीको मृत्यु भएको छ । इन्द्रसरोवर गाउँपालिकास्थित वत्सलादेवी माविका ६ जना विद्यार्थीको पहिरोमा पुरिएर निधन भएको हो । त्यस्तै रुपन्देहीमा समेत २ जना विद्यार्थीको मृत्यु भएको छ । रूपन्देहीको बुटवल उपमहानरगपालिकास्थित कालिका मानविज्ञान माविमा कक्षा १० मा अध्ययनरत २ जना विद्यार्थीको धादिङको झ्याप्लेखोला पहिरोमा परी निधन भएको हो । *-रातोपाटी डटकम*

रैनादेवी छहरा गाउँपालिकाको अनुरोध
- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।
कृष्णप्रसाद तिमिल्सिना — प्रमुख प्रशासकीय अधिकृत
युवराज थापा — उपाध्यक्ष
रुक्माङ्गत भट्टराई — अध्यक्ष
रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

रिब्दीकोट गाउँपालिकाको अनुरोध
- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
लेखनाथ पोखरेल — प्रमुख प्रशासकीय अधिकृत
कान्ता अधिकारी — उपाध्यक्ष
नारायण बहादुर कार्की — अध्यक्ष
रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# आज दसैंको पाँचौं दिन : स्कन्दमाताको पूजा गरिंदै



**पाल्पा,** असोज २०/दसैंको पाँचौ दिन आज स्कन्दमाता भगवतीको पूजा अर्चना गरिंदै छ । भगवान स्कन्दकुमार कार्तिकेयको बालस्वरुपलाई सदैव काखमा राखी ममतामयी स्नेह प्रदान गर्ने हुनाले नवरात्रीको पाँचौ दिन यिनलाई स्कन्दमाताको नामबाट पुकार्ने गरिन्छ । चार हात मध्ये दायाँतर्फको माथिल्लो हातले स्कन्दकुमार कार्तिकेयलाई काखमा च्याप्दै बायाँतर्फको तल्लो हातमा कमलको फूल र माथिल्लो हातले बरमुद्रा धारण गर्ने यिनी पद्मासनसहित सिंहमा सवार रहन्छिन् । सूर्य मण्डलकी अधिष्ठात्री देवी हुनाले यिनको वर्ण पनि सूर्यकै जस्तै देदिप्यमान हुन्छ । यसै अवसरमा देशभर आदिकालदेखि उत्पत्ति भइरहेका र प्रतिष्ठापित अष्टमातृकाका विभिन्न शक्तिपीठमा हिन्दु धर्माबलम्बीहरुले आज श्रद्धाभक्तिपूर्वक नवदुर्गा भगवानीको दर्शन गरी पूजाअर्चना गरिरहेका छन् ।

पौराणिक ग्रन्थमा स्कन्दमाताका विषयमा कथा वर्णन गरिएको छ । कुनै समय शिव र पार्वती ऋषिहरूका सभामा जाँदा सबैले उठेर स्वागत गरे । ऋषि सनतकुमार ध्यानमा मग्न भएकाले उठेनन् । यो पार्वतीलाई मन परेन । पार्वतीले ऋषिलाई 'तिमी ऊँट बन' भनी श्राप दिइन् । ऋषि ऊँट बने । शिवले पार्वतीलाई 'ज्ञानीलाई कुनै श्रापले स्पर्श गर्न सक्दैन, यसैले ऊँटका योनीमा पनि आफ्नो ब्रह्मस्वरुप ज्ञानले आनन्दमा मस्त छन्' भनी दुवै दम्पती ऊँटधारी सनतकुमारलाई हेर्न गएछन् । पार्वतीले ऋषिलाई ऊँटको योनिमा कस्तो अनुभव हुन्छ भनि सोध्दा ऋषिले 'मलाई हजुरले ऊँटको योनि प्रदान गरेर ठूलो अनुग्रह गरे' 'भोक लागेका बेला जंगलका काँडाहरु चपाउँछु र आनन्दसँग ब्रह्मचिन्तन गरेर बस्छु र मलाई यस योनिमा कुनै पनि कष्टको अनुभव छैन' भनी उत्तर दिएछन् । ऋषिको कुराबाट पार्वती प्रभावित हुँदै भनिछन् 'ऋषिजी तपाइँ ज्यादै ठूलो ब्रहमज्ञानी हुनुहुँदो रहेछ, यहाँको महत्व नबुझी मैले दिएको श्रापबाट मलाई ठूलो पश्चात्ताप छ, अब म तपाइँलाई पुत्रका रुपमा प्राप्त गर्न चाहन्छु' पार्वतीको आज्ञालाई स्वीकार गरी सनतकुमारले पार्वतीबाट जन्म ग्रहण गरेकाले स्कन्दमाता नाम रहन गएको भन्ने कथा पाइन्छ । स्कन्दको अर्थ सनतकुमार रहेको छ । स्कन्दमाताको प्रतिमा लक्षणमा यिनी सिंसाहनमा बसेकी तथा दुवै हातले कमलपुष्प समाएको हुने विवरण पाइन्छ । छान्दोग्य श्रुतिका अनुसार भगवतीको शक्तिबाट उत्पन्न भएकाले सनत्कुमारको नाम स्कन्द रहन गएको हो । स्कन्दको माता भएकाले पार्वतीलाई नै स्कन्दमाताका नामले कहला भएको हो ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत लगायत देवी स्तोत्र पाठ समेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडा दशैं पर्व मनाउँछन् ।

## हिले...

...कार्यक्रममा धितोपत्र मुल्यांकन समितिका संयोजक झविलाल पाण्डे,वडा अध्यक्ष लालु प्रसाद पाण्डे, राधाकृष्ण बचत तथा ऋण सहकारी पुर्तिघाट गुल्मीका शेयर सदस्य अशोक ठकुरी लगायतले सहकारीको सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा पालिका अध्यक्ष थापालाई करूवा मायाको चिनोले सम्मान गरिएको थियो । सोही अवसरमा २०८१ सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल शेयर सदस्य डिल्ली राम पाण्डेका छोरा विष्णु पाण्डे र शिवाखर न्यौपनेको छोरी निशा न्यौपानेलाई नगद र प्रमाणपत्र पत्रले सम्मान गरिएको थियो । राधाकृष्ण बचत तथा ऋण सहकारी पुर्तिघाट गुल्मीले उत्कृष्ट सहकारी अभियानको कार्य गरेको भन्दै सम्मान पत्रले सम्मान गरेको थियो । यस्तै कारोबारमा नियमितता गर्ने असल ऋणी सम्मान अन्तर्गत लुमाकान्त पाण्डे र सुमीकान्ती पाण्डेलाई पनि सम्मान गरिएको छ । उत्कृष्ट कार्य सम्पादन गर्ने सहकारीका कर्मचारीहरू व्यवस्थापक गोपाल प्रसाद पाण्डे, लेखापाल लक्ष्मी पाण्डेलाई नगद र प्रमाण पत्रले सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष चेत नारायण पाण्डेको अध्यक्षता, उपाध्यक्ष चतुर्भुज पाण्डेको स्वागत, सचिव दिल्ली पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## बैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- वैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको बैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै बैदेशिक रोजगारीमा जाऔं ।
- वैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- वैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- वैदेशिक रोजगारमा हुने ठगीबाट बच्न विचौलियाबाट सजग रहौ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**
















कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई